बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

आर्थिक वर्ष २०८१/८२ को

# विनियोजन ऐन

प्रमाणीकरण गर्ने

अशोक कार्की

(नगर प्रमुख)

मिति: २०८१/०३/२५

अशोक कार्की
नगर प्रमुख

# बेलका नगरपालिका,
## उदयपुर

# बेलका नगरपालिकाको विनियोजन ऐन, २०८१

बेलका नगरपालिका, उदयपुरको आर्थिक वर्ष २०८१/८२ को सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न प्रस्ताव भएको ऐन,

सभामा पेश भएको मिति — २०८०/०३/१०
सभाबाट स्वीकृत मिति — २०८०/०३/२५
राजपत्रमा प्रकाशन मिति — २०८०/३/

प्रस्तावना

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम बेलका नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम बेलका नगरपालिका उदयपुरको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित तथा प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा

क. "नगरसभा" भन्नाले बेलका नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "वडा समिति" भन्नाले बेलका नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ. "विषयगत शाखा" भन्नाले बेलका नगरपालिका अन्तरगतको शाखा, सचिवालय, ईकाई वा अन्य प्रशासनिक निकाय समेतलाई सम्झनु पर्दछ ।

ङ. "सञ्चितकोष" भन्नाले बेलका नगरपालिकाको सञ्चितकोषलाई सम्झनु पर्दछ ।

३. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार:

(१) आर्थिक वर्ष २०८१/८२ को निमित्त बेलका नगरपालिकाको वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यको निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तिय ब्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ७७१३३५५०१।— (अक्षरेपी सतहत्तर करोड तेह्र लाख पैंतिस हजार पाँच सय एक रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ ।

४. विनियोजन:

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त बेलका नगरपालिका उदयपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन भएको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन

अशोक कार्की

आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर/शीर्षकान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजितर रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शीर्षकतर्फ रकमान्तर/शीर्षकान्तर गर्न र वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी तर्फ विनियोजित रकम ब्याज भुक्तानी शीर्षकमा बाहेक अन्यत्र रकमान्तर/शीर्षकान्तर गर्न सकिने छैन । तर चालु र पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरमा रकमान्तर/शीर्षकान्तर गर्नुपरेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

## अनुसूची १

दफा ३ सग सम्वन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान सख्या | शीर्षक नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आर्थिक विकास क्षेत्र | ४५८४००० | १८३३६००० | ० | २२९२०००० |
| | | | | | | |
| २ | | सामाजिक विकास क्षेत्र | ५५७०८००० | १३९२७००० | ० | ६९६३५००० |
| ३ | | पूर्वाधार विकास क्षेत्र | | ७८९४०००० | ० | ७८९४०००० |
| ४ | | वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | | ९१४०००० | ० | ९१४०००० |
| ५ | | कार्यालय संचालन तथा | | | ० | |
| ६ | | प्रशासनिक खर्च संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | १२२१८७००१ | २००००००० | ० | १४२१८७००१ |
| ७ | | समपुरक तथा अन्य साझेदारी | | | ० | |
| ८ | | भुक्तानी बाकी दायित्व | | २५०००००० | ० | २५०००००० |
| ९ | | वडास्तरीय आयोजना तथा कार्यक्रम | ८६७६००० | ३४७०४००० | ० | ४३३८०००० |
| | | **नगरपालिका तर्फ जम्मा** | १९११५५००१ | २०००४७००० | | ३९१२०२००१ |
| १० | | संघीय सशर्त अनुदान | २७६१३२५०० | १६४७६००० | ० | २९२६०८५०० |
| ११ | | प्रदेश सशर्त अनुदान | १४५२५००० | | | १४५२५००० |
| १२ | | संघीय समपुरक अनुदान | | २८०००००० | | २८०००००० |
| १३ | | प्रदेश समपुरक अनुदान | | १३०००००० | | १३०००००० |
| १४ | | संघीय विशेष अनुदान | | ३२०००००० | | ३२०००००० |
| | | **सशर्त तर्फ जम्मा** | २९०६५७५०० | ८९४७६००० | | ३८०१३३५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | ४८१८१२५०१ | २८९५२३००० | | ७७१३३५५०१ |
| | | प्रतिशत | ६२ | ३८ | | |

अशोक कार्की
नगर प्रमुख